जि.प्र.का.द.नं. ३३/०४६/०४७

“सस्तो, सुलभ, वैज्ञानिक प्रविधिको विकास गरौं ।”

# डिप्लोमा इन्जिनियर्स एशोसिएसन, नेपाल (डिन)

# Diploma Engineers' Association, Nepal (DEAN)

**(Affiliated to SAARC Diploma Engineers Forum)**

केन्द्रीय समिति, कोटेश्वर, काठमाण्डौ, फोन/फ्याक्स : ००९७७-१-४४८०५९९, पो.ब.नं. ४९३७

Central Committee, Koteshwor, Kathmandu, Phone/Fax: 00977-1-4480599, P.O. Box 4937, Email:deannepal2037@gmail.com

च.नं : ६५

प.सं : ०७३/७४ मितिः- २०७३/१०/०२

श्री.....................................

सह-अध्यक्ष/उपाध्यक्ष/सचिव/कार्यकारिणी सदस्य/

केन्द्रीय सदस्य/क्षेत्रिय अध्यक्ष/जिल्ला अध्यक्षज्यू

डिप्लोमा इन्जिनियर्स एशोसिएसन, नेपाल (डिन)

**विषयः-जानकारी तथा निर्देशन ।**

उपरोक्त विषयमा यस एशोसिएसनको केन्द्रीय समितिको मिति २०७३ पौष २३ गते नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा बसेको सातौं पूर्ण बैठकको निर्णयहरु लागु गर्न गराउनु हुन जानकारी तथा निर्देशन पठाइएको व्यहोरा अनुरोध छ ।

**निर्णय नं १**

क. Songs of Diploma Engineers लोकार्पण कार्यक्रममा आफ्नो अमुल्य समय प्रदान गरी उपस्थित हुनु भएका प्रमुख अतिथि, विशेष अतिथि तथा सम्पूर्ण अतिथिज्यूहरु, तथा सहभागीहरुमा हार्दिक धन्यवाद ज्ञापन गरियो ।

ख. Songs of Diploma Engineers लाई प्रभावकारी रुपमा बिक्रि वितरणको लागि केन्द्रीय पदाधिकारीमार्फत प्रत्ये जिल्ला कार्य समिति, क्षेत्रिय समिति, विभागिय कार्य समिति तथा विभिन्न संघ संस्थाहरुलाई ५/५ थान सि.डि प्रति सि.डि रु ५०० का दरले वितरण गरी पठाउने निर्णय गरियो ।

ग. प्रत्येक जिल्ला, विभागीय, क्षेत्रिय र केन्द्रीय समितिका कार्यक्रममा राष्ट्रिय गान पछि डिनको गीत बजाएपछि मात्र कार्यक्रमको शुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

क. मिति २०७३/१/२, मिति २०७३/४/७ र मिति २०७३/५/६ गते सचिवालयले गरेका सम्पूर्ण निर्णयहरु तथा महासचिवज्यूले पेश गर्नु भएको सांगठनिक प्रतिवेदन र कोषाध्यक्षले पेश गर्नु भएको कुल आम्दानी रु ३६,९९,३०९.०० र कुल खर्च रु ३२,८७,२२१.१२ सहितको आर्थिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

क. मध्यमाञ्चल क्षेत्रिय समितिले रौतहट जिल्लाको चन्द्रनिगाहापुर नगरपालिकालाई मध्यमाञ्चल स्तरीय क्षेत्रिय ट्रेनिङ्ग सेन्टरको लागि ५ कट्ठा जग्गा प्राप्त गर्नको लागि आवश्यक सिफारिस गर्न माग गरेकोले उक्त आवश्यक सिफारिस दिने निर्णय गरियो ।

केन्द्रीय समिति, कोटेश्वर, काठमाण्डौ, फोन/फ्याक्स : ००९७७-१-४४८०५९९, पो.ब.नं. ४९३७
Central Committee, Koteshwor, Kathmandu, Phone/Fax: 00977-1-4480599, P.O. Box 4937, Email:deannepal2037@gmail.com

ख. SDEF Technology Centre को निर्माण कार्य गर्नको लागि भारतिय दुतावासमा Proposal पेश गरी अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

क. डिन सदस्य सुरक्षाकोषलाई सञ्चालन गर्न संचालन तथा व्यवस्थापन निर्देशिका २०७१ को परिच्छेद २.१ अनुसार निम्न पदाधिकारीहरु रहने गरी कोष परिचालन समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| संयोजक | : | कमल अर्याल | (केन्द्रीय सह-अध्यक्ष) |
| सदस्य | : | चिनीमैंया महर्जन | (केन्द्रीय उपाध्यक्ष) |
| सदस्य | : | दशरथ यादव | (केन्द्रीय सचिव) |
| सदस्य | : | दयाराम पाण्डे | (कोषाध्यक्ष) |
| सदस्य | : | श्याम कृष्ण श्रेष्ठ | (अग्रज) |
| सदस्य | : | तिलक न्यौपाने | (कार्यकारिणी सदस्य) |

**निर्णय नं ५**

क. डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपालको विधानको परिच्छेद १२ को दफा १२.९ बमोजिम लेखा समिति, अनुशासन समिति र प्राविधिक समितिको सन्चालन कार्यविधि तयार गरी पेश भएकोले उक्त संचालन कार्यविधि अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

क. मार्च २२ २०१७ मा World Water Day मा गोष्ठि आयोजना गरी भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो र सो को तयारीको लागि आवश्यक निर्णय गर्न सचिवालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

क. डिन सदस्यमा नया सदस्यलाई आवद्ध गरी सदस्य संख्या विस्तार गर्नको लागि सब-इन्जिनियर अध्यापन गराउने शैक्षिक संस्थाहरु संग आवश्यक समन्वय गरी प्रभावकारी रुपमा अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ८**

क. विधान संसोधन पश्चात राष्ट्रिय सम्मेलनको मिति तोक्ने निर्णय गरियो ।

**निर्णय नं ९**

क. आगामी केन्द्रीय बैठक तथा विधान अधिवेशन सभा मिति २०७३/१२/१० मा बस्ने निर्णय गरियो ।

ख. यस एशोसिएसनको विधान हालको राष्ट्रिय संरचना अनुसार तयार गर्नको लागि तपसिलमा उल्लेखित विधान संसेधन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | : | खड्ग के.सी |
| सदस्य | : | टोप बहादुर बानिया |

सदस्य : राम सुवरण चौधरी

सदस्य : जीवन घिमिरे

सदस्य सचिव : कमल अर्याल

र उक्त समितिलाई माघ मसान्त भित्र विधानको प्रस्तावित मस्यौदा पेश गर्न समेत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १० (विविध)**

क. नेपाल सरकारले विगतमानै ओभरसियर र सब-ओभरसियर पदनाम परिर्तन गरी सब-इन्जिनियर र असिस्टेन्ट सब-इन्जिनियर पदनाम परिवर्तन भइसकेकोमा कतिपय संघ/संस्थाहरुमा पुरानै पदनाम पद श्रृजना गर्ने/बोलाउने गरिएको पाइएकोले सम्बन्धित निकायहरुमा परिवर्तित पदनाम अनुसार पद कायम गर्न पत्राचार गर्ने निर्णय गरियो ।

ख. केन्द्रीय कार्य समितिको बैठकमा लगातार ३ पटक सम्म विना जानकारी अनुपस्थित पदाधिकारी तथा सदस्यहरुलाई अन्तिम पटक स्पष्टीकरण माग गर्ने निर्णय गरियो ।

ग. यस एशोसिएसनको १२ औं राष्ट्रिय सम्मेलनको अवसरमा गरिएको सेमिनार र डिन डायरीमा प्रकाशित का.म.न.पाको सुचनामुलक सन्देशको साथै सहयोग स्वरुप अनुमानित सहयोग माग गरे अनुसार प्राप्त नभएको र का.म.न.पाको सन्देश वापतको सहयोग उपलब्ध हुन नसकेकोले उक्त रकम विन्दीया कार्कीको नाममा देखिन आएकोले बक्यौता मिलान गर्ने निर्णय गरियो ।

विन्दीया कार्की

महासचिव